# धर्मकीर्ति

धर्मकीर्ति

The Dharmakirti



भविष्यका शाक्यमुनि बुद्ध श्वेत हात्तीको रूप लिई महामायादेवीको शरीरमा गर्भ प्रवेश गर्नुभएको

वर्षः ४२, अङ्कः १

बु.सं. २५६७, ल्हुति पुन्हि

# धम्महल, धर्मकीर्ति विहारमा दिनभर महापरित्राण पाठ गरिएको तस्विरहरू



सामूहिक पाठ गर्नुहुने पूज्य धम्मवती गुरुमां सहित अन्य गुरुमांहरू



सरणागमन - मेत्त सुत्त पाठ गर्नुहुँदै श्रद्धेय गुरुमांहरू जवनवती र क्षान्तिवती



खन्ध सुत्त - धजग्ग सुत्त पाठ गर्नुहुँदै श्रद्धेय गुरुमांहरू सुनन्दावती र अम्बिका



महाकस्सपत्थेर बोज्झङ्ग सुत्त - महा चुन्दत्थेर सुत्त पाठ गर्नुहुँदै श्रद्धेय गुरुमांहरू - श्रद्धावती र इन्दावती



गिरिमानन्द सुत्त - इसिगिलि सुत्त पाठ गर्नुहुँदै श्रद्धेय गुरुमांहरू - कुसुम र प्रीतिवती



धम्मचक्कप्पवत्तन सुत्त पाठ गर्नुहुँदै श्रद्धेय गुरुमांहरू मां विचारी, मां थेरी, मां नन्दावती र मां ऐलासी



महासमय सुत्त पाठ गर्नुहुँदै श्रद्धेय गुरुमांहरू मां तेञासिङ्गि, मां पञ्ञासिरी, मां थेरी र मां धम्मवती



आलवक सुत्त - कसिभारद्वाज सुत्त पाठ गर्नुहुँदै श्रद्धेय गुरुमांहरू वीर्यवती र श्रद्धा गौतमी



पराभाव सुत्त - वसल सुत्त पाठ गर्नुहुँदै श्रद्धेय गुरुमांहरू शुभवती र अमता



सच्चविभङ्ग सुत्त पाठ गर्नुहुँदै श्रद्धेय गुरुमांहरू श्रद्धावती र त्यागवती



आटानाटिय सुत्त (क) पाठ गर्नुहुँदै श्रद्धेय गुरुमांहरू केशावती र खेमावती



आटानाटिय सुत्त (ख) पाठ गर्नुहुँदै श्रद्धेय गुरुमांहरू सुमना, कुसुमावती र कुशलवती

*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ५३५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोन: ९८४१५३४१०९**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

**फोन: ९८४१३२९००५**

*व्यवस्थापकहरु*

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ५३५९४६६

email: gurumawiryawati@gmail.com

subhawati26@gmail.com

बुद्ध सम्बत् २५६८

नेपाल सम्बत् ११४४

इस्वी सम्बत् २०२४

बिक्रम सम्बत् २०८१

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | २०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |


# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**23rd APRIL 2024**

| वर्ष- ४२ | अङ्क- १ | ल्हुति पुन्हि | वैशाख २०८१ |
|---|---|---|---|





**यो अप्पदुट्ठस्स नरस्स दुस्सति**
**सुद्धस्स पोसस्स अनङ्गणस्स**
**तमेव बालं पच्चेति पापं**
**सुखुमो रजो पटिवातं'व खित्तो**

**फय् वयाच्वंगु दिशापाखें ह्वलाछ्व:गु धू हानं थ:तंतु क:वइगु थें निर्दोषी, शुद्ध व निक्लेशीपिन्त दोषारोपण या:गुया मभिंगु फल नं थ:तंतु क:वई ।**

**जुन दिशाबाट हावा बहिरहेको छ, त्यतैतिर धूलो फ्याँकियो भने उक्त धूलो आफैतर्फ फर्किएर आउने गर्छ । त्यसरी नै निर्दोषी, शुद्ध र क्लेशरहित पवित्र व्यक्तिलाई लगाईएको दोषारोपणको प्रतिफल पनि आफैले भोग्नुपर्ने हुन्छ ।**

**If a man offends a harmless, pure and innocent person, the evil falls back upon that fool, like lights dust thrown up against the wind.**

## विषय-सूचि


| क्र.सं. | शिर्षक | | पृष्ठ |
|---|---|---|---|
| १) | बुद्ध वचन | – | १ |
| २) | गर्भधान सपना | – | २ |
| ३) | सम्पादकीय- २५६८ औं बुद्ध पूर्णिमा धर्मकीर्तिको कामना | – | ३ |
| ४) | स्नेही छोरी "अजिङ्गरसित जम्काभेट" | – बर्मी भिक्षु र वे थ्वं महास्थविर | ४ |
| ५) | धर्म शब्दको अर्थ: एक अध्ययन–२ | – कुसलञाणी गुरुमां | ७ |
| ६) | दुर्लभ प्रव्रज्या जीवन छोटो अनुभव | – सुभद्रा स्थापित | ८ |
| ७) | क्रोध वर्ग | – सत्यमोहन जोशी | १० |
| ८) | सत्कर्म याना | – प्रदीप शाक्य 'घोषक' | ११ |
| ९) | ममतामयी मांया लुमन्ति | – ऐश्वर्य लक्ष्मी ताम्राकार | ११ |
| १०) | धर्मकीर्ति समाचार | – | १२ |


*आवरण चित्र परिचय*

# गर्भधान सपना

**– आचार्य सत्यनारायण गोयन्का**
**भावअनुवाद: वीर्यवती**

दीपंकर तथागतको आशीर्वचन र भविष्यवाणी अनुसार असंख्य कल्पसम्म असंख्य जन्म लिनुहुँदै निश्चित समयमा निश्चित मात्रामा दश पारमिता, दश उपपारमिता र दश परमत्थ पारमिताहरू (भव संसारबाट पार गर्नको लागि आवश्यक परम योग्यताहरू) परिपूर्ण गर्नुभई तपस्वी सुमेध ब्राह्मण (भविष्यका शाक्यमुनी बुद्ध) देवलोकमा श्वेतकेतु देवपुत्रको नामले जन्म लिनुभयो ।

दश पारमिता यसरी छन्- दान, शील, नैष्क्रम्य, प्रज्ञा, वीर्य, क्षान्ति, सत्य, अधिष्ठान, मैत्री र उपेक्षा ।

***(आफ्नो शरीरभन्दा बाहिरका कुनै भौतिक चीज वस्तु त्याग गरी, शरीरले नै कुनै मेहनत पूर्वक माथि उल्लेखित दश कुशल कार्य गरी उपकार कार्य जति पनि गरिन्छ, त्यसलाई भनिन्छ दश पारमिता ।***

***आफ्नो शरीरका केही पनि पार्टपूर्जा नै झिकेर अरूको उपकारको लागि माथि उल्लेखित दश कुशल कार्यहरू गरिन्छ भने त्यसलाई भनिन्छ दश उपपारमिता ।***

***जब आफ्नो प्राण नै अर्पण गरी अरूको उपकारको लागि माथि उल्लेखित दश कुशल कार्यहरू गरिन्छ भने त्यसलाई भनिन्छ दश परमत्थ पारमिता । - सं.)***

यी माथि उल्लेखित पारमिताहरूलाई आवश्यक मात्रामा पूरा गरिसक्नु भएको कारणले अब उहाँको पछिको जन्म अन्तिम जन्म हुने भयो जुन जन्ममा सम्बोधि प्राप्त गरी उहाँले भव संसारबाट सधैंको लागि विमुक्त हुन सक्नेछ ।

त्यसैले पछिल्लो जन्मको लागि उहाँले उचित समय, स्थान, कुल, गोत्र आदि छानेर उचित माताको गर्भमा प्रवेश गर्ने निश्चय गर्नुभयो ।

उक्त समय शाक्य राज सुद्धोदनकी महारानी महामाया सुख शान्ति पूर्वक राज्यको शयन कक्षमा सुतिरहनु भएको थियो । निदाइरहनु भएको अवस्थामा उहाँले यसरी सपना देख्नुभयो– अत्यन्त सुन्दर सेतो एक हात्तीले सुँडमा सेतो रङ्गको सुन्दर कमलको फुल लिई उहाँको (महामायादेवीको) कक्षमा प्रवेश गऱ्यो र उहाँको शैय्यामा ३ पटक परिक्रमा गरी श्रद्धापूर्वक निहुरेर बस्यो । फेरि नमस्कार गरी महामायादेवीको शरीरको दाँया भागबाट उहाँको कोखमा प्रवेश गर्नुभयो ।

यो बोधिसत्वको अन्तिम गर्भवास थियो । गर्भावस्थामा महामाया देवी कामभोगबाट सर्वथा विरत रहनुभयो । सबै शील नियम पालन गरी श्रमण परम्परा अनुसार सबै प्रकारको पूजा पाठ कार्यमा व्यस्त रहनुभई दश महिनासम्म कुशलतापूर्वक गर्भको परिपालन गर्नुभयो ।

## ▪ सम्पादकीय ▪

# २५६८ औं बुद्ध पूर्णिमा धर्मकीर्तिको कामना

बि.सं. २०८१ साल जेठ १० गतेका दिन बुद्ध शिक्षाको महत्त्वलाई आत्मसात गर्दै २५६८ औं बुद्ध पूर्णिमा दिवस मनाउन गइरहेका छौं । अर्को शब्दमा भन्ने हो भने भगवान् बुद्धले सिकाउनु भएको ज्ञानलाई आ-आफ्नो बानी व्ययवहारमा प्रयोग गरी ज्ञानी बन्न अग्रसर हुँदैछौं । त्यसैले यदि हाम्रो मनमा लालची, क्रोधी र छलकपटी स्वभाव छ भने त्यसलाई पहिला हामीले हटाउने अभ्यास गर्न अत्यावश्यक हुनेछ । किनभने बुद्ध शिक्षा अभ्यास गर्नको लागि पहिलो खुड्किला नै पञ्चशील पालन गर्नु हो । आफूमा रहेका खराब बानी व्यवहारहरू जुन पञ्चशीलसंग मेल खाँदैन, त्यसलाई हामीले चटक्कै त्याग्नुपर्ने हुन्छ । पहिलो खुड्किलो नचढी दोस्रो खुड्किलो '**समाधी**' मा पुग्न असम्भव नै हुन्छ । त्यसैले हामीले पहिलो खुड्किलो को विषयमा जानकारी लिन अति जरुरी देखिन्छ । ती यसरी छन्–

१) आफ्नो स्वार्थ पूर्तिको लागि कुनै पनि समुदाय, परिवार, समाज र देश आदि विभिन्न क्षेत्रमा अशान्ति मच्चाउने खालका हिंसा र अत्याचारी कार्यहरूबाट अलग्ग रहनु । किनभने स्वतन्त्रतापूर्वक बाँच्न पाउनु हरेक प्राणीको अधिकार हो । त्यसैले कुनै पनि प्राणीको शरीरमा घात पुग्ने कार्य नगर्नु मानव समुदायको कर्त्तव्य हो । हाम्रो इच्छा विरूद्ध कसैले हाम्रो शरीरमा दुःख दिन आउँदा हामीलाई पटक्कै मन पर्दैन भने अरूलाई पनि हामीले त्यस्तो कार्य गर्न हुन्न भन्ने ज्ञान हामीले जान्नु आवश्यक छ ।

२) आफ्नो चल-अचल सम्पत्ति चाहे एउटा सियो नै किन नहोस् अन्य व्यक्तिले हाम्रो अनुमति बिना सुटुक्क चोरेर लाने कार्य हामीलाई मन पर्दैन । हाम्रो चित्त दुःख्ने अवस्था सृजना हुन्छ यस कार्यले । ठीक त्यसरी नै हामीलाई मन नपर्ने कार्य हाम्रो तर्फबाट अरूलाई हुन नदिने जिम्मेवारी हाम्रो हो । यो जिम्मेवारी जसले पालन गर्छ उसलाई प्रकृतीले राम्रै नतिजा दिइरहेको हुन्छ । एक नैतिकता हराएको बेइमान व्यक्तिको कारणले थुप्रै मानिसलाई अशान्ति पुऱ्याइरहेको हुन्छ । आजभोली त्यस्ता बेइमानी व्यक्तिहरूको कारणले नै समाज, देश र विश्वमा नै अशान्ति, झैझगडा र विरोधको वातावरण सृजना भइरहेका छन् ।

३) समाजमा जति पनि व्यभिचार, बलात्कार, भ्रष्टाचार जस्ता घृणित कार्यहरू गर्ने दुषित एवंम् बेइमान र कर्तव्यहीन व्यक्तिहरू छन्, तिनीहरूबाट हामीलाई यस्ता अनैतिक कार्य नहोस् यस्ता पीडादायी घटनाको शिकार हामी हुन नपरोस् भन्ने हामी चाहन्छौं । ठीक यसरी नै हाम्रो तर्फबाट पनि यस्ता जघन्य अपराध अरू व्यक्तिहरूमा गर्न नपरोस् । यस्ता घृणित कार्यबाट हामी सदा टाढा रहन सकौं । यो हाम्रो मानविय सद्‌गुण हो । यस्तो सद्‌गुणले हामीलाई सकारात्मक फल दिइरहेको हुन्छ ।

४) आफ्नो नीजि स्वार्थ पूर्तिको लागि झूठो कुरा बोल्ने, चुकली चापलुसी लगाउने, अरूको चित्त दुख्ने गरी कडा वचन प्रयोग गरी आफ्ना स्वार्थ सिद्ध गर्ने र नचाहिँदा बेकारका वकवासहरू गरी समय बिताउने आदि कुबानीहरू भएका मानिसहरू जहाँ हुन्छन्, त्यहाँ एक आपसमा विश्वासघात, झैझगडा, कलह, अशान्ति र जघन्य अपराधहरू समेत हुन पुगिरहेका हुन्छन् । त्यसैले यी खराव आचरणहरू कहिं हामीमा पनि लुकिरहेका छन् कि ? समयमा नै सतर्क भई यस्ता घृणित बानी व्यवहारबाट अलग्ग रहने कोशिस गरौं । किनभने जति खराब बानी, व्यवहार हामीले पालिरहन्छौं त्यति नै नकारात्मक नतिजा प्रकतीले हामीलाई भोगाइरहेका हुन्छन् ।

५) आजभोली क्षणिक भौतिक सुखको लालचमा आफैलाई बेहोश पार्ने खालका मद्यपान र लागु पदार्थ जस्तो अखाद्य चीज बस्तुहरू खाई आफ्नो धनजन र शरीर नै सखाप पारी बिचल्लीमा परिरहेका थुप्रै व्यक्तिहरू देखिन्छन् । एउटा परिवारमा एकजना मात्र यस्तो कुवानी र कुलतमा परेका व्यक्तिको कारणले परिवारका सबै सदस्यहरूलाई अशान्ति पारिरहेको हुन्छ । परिवारलाई नै

*( क्रमशः पेज ९ मा हेर्नुहोला )*



भिक्षुणी धम्मवती

# स्नेही छोरी (उपन्यास)

## *भिक्षुणी धम्मवती गुरुमांको जीवनमा आधारित*

## १६. अजिङ्गरसित जम्काभेट

*लेखक-* **वर्मी भिक्षु र वे थ्वं महास्थविर**

*नेपालभाषा अनुवाद-* **भिक्षु ज्ञानपुर्णिक**, *नेपालीभाषा अनुवाद-* **मोतीकाजी शाक्य**

दोश्रो दिनको यात्रा पहाडमाथि चढ्नु थियो । त्यो पहाड नेपालको चन्दागिरी पर्वत जस्तो कहाली लाग्दो उचाइको थिएन । त्यो पहाडको बनावट पनि चन्दागिरी झैं ठाडो थिएन । तर पनि त्यो पहाड चढ्न चन्दागिरी पहाड चढ्नु भन्दा धेरै गुणा बढी कठिन भएको थियो । किनभने त्यो पहाडमा चन्दागिरी पहाडमा जस्तो मानिस हिंड्ने बाटो बनिएको थिएन । बिना बाटोको त्यो पहाडमा बुटचानहरू समात्दै जहाँबाट जसरी अगाडि बढ्न सकिन्छ त्यसरी नै उकालो चढ्दै अघि बढ्नु परेको थियो ।

हुन त अघिल्लो दिनको यात्रा पनि बाटो नबनिएको ठाउँबाटै हिंडिएको थियो । तर त्यसबेला दुईओटा पहाडको खोंचै खोंचबाट हिंडिएकाले बाटो बिराइने अथवा अघि बढ्न सक्ने ठाउँ खोज्दै हिंड्नुपर्ने नौबत आइपरेको थिएन । अहिले बाटो नबनिएको अनकण्टार पहाडको ठाडो उकालो चढ्नु पर्दा चढ्न सक्ने ठाउँ खोजेर अघि बढ्नु परिहेको थियो । यसरी अति कष्टपूर्ण ढङ्गले चढ्दै जाँदा कहिलेकाहीं फेरि अगाडि बढ्न नसक्ने ठाउँमा परी तल झरेर अर्कै ठाउँबाट पुनः चढ्ने प्रयासमा झरेर लाग्नुपर्ने हुन्थ्यो । त्यसरी अहिलेको यात्रा साह्रै नै कष्टप्रद भएको थियो ।

घण्टौसम्म निरन्तर अघि बढ्दै जाँदा पनि त्यस पहाडको टाकुरोमा पुग्न सकिएको थिएन । पहाडको टुप्पो देखिन नआउँदै बीच बाटोमै मध्यान्ह हुन लाग्यो । मध्यान्ह पछि ठोस आहार नखाने शील पालना गरेका स्थविर धम्मावुध र शीलवती धम्मवतीको खातिर पहाडको मध्य भागमा नै एउटा उपयुक्त स्थान खोजेर दिउँसोको खानपिन गर्ने निधो गरियो । त्यस पहाडको मध्य भागमा पानीको अभावको कारण खाना पकाउने व्यवस्था नहुने भएकाले आफूहरूले साथै बोकेर ल्याएको सुखा रोटी मात्रले पेट भर्न परेकाले स्थविर र धम्मवतीले पेटभरि खान सकेनन् । त्यो देखेर माहुतेहरूले आसपास फलिरहेका केही जंगली केरा खोजेर ल्याए । त्यसरी खोजेर पाएको केरा स्थविर र धम्मवतीलाई ख्वाउनुका साथै माहुतेहरू आफूले पनि खाए । जंगली केरा हेर्नमा र स्वादमा पनि साधारण केरा जस्तै थियो । तर जंगली केरामा बियाँहरू थुप्रै थिए । चार-पाँच ओटा जंगली केरा खाँदा मात्र बल्ल एउटा साधारण केरा खाए बराबरले पेट भर्ने भएको थियो । त्यसो हुँदा धम्मवतीले जंगली केरा खाएर पनि पेट भर्न सकिन ।

खाना खानेकाम सकिएपछि पुनः पहाड चढ्ने काम सुरु भयो । अर्को दुई घण्टा जति कठिन संघर्ष गरिसकेपछि मात्र बल्ल बल्ल त्यस पहाडको टाकुरोमा पुग्न सकियो । त्यो पहाडको टुप्पोबाट हेर्दा अगाडितिर थुप्रै पहाडहरूको एउटा श्रृंखला तेर्सिएको देखियो । अगाडि देखिएका पहाडहरू साह्रै अग्ला थिए । ती अग्ला पहाडहरूमा जताततै नाङ्गो चट्टानहरू उघ्रिएका थिए । ती पहाडहरू चढ्दै जानुपर्ने कुरा मनमा आउँदा नै धम्मवतीलाई रिङ्गटा लाग्ला जस्तो भयो । तर अर्को विकल्प थिएन । ऊ चुपचाप माहुतेहरूको पछि पछि लाग्दै गई ।

अगाडि देखिएका पहाडहरूमध्ये पहिलो पहाड नाघ्ने बित्तिकै अग्ला-अग्ला पहाडहरू भएको दिशा छोडेर अर्कै दिशातिर यात्रा मोडियो । जतातिर यात्राको दिशा मोडिएको थियो त्यतातिर त्यति धेरै अग्ला पहाडहरू थिएनन् । यसरी यात्राको दिशा बदलेपछि धम्मवतीले मुक्तिको एउटा लामो सास फेरी । उसको हिंडाइमा पनि स्वतः स्फूर्ति आयो । ऊ उत्साहित ढङ्गले अगाडिका स-साना पहाडहरू उक्लँदै ओर्लँदै अगाडि बढ्दै गई ।

त्यो दिन अध्यारो नहुँदैमा बासस्थानमा पुगियो । त्यस दिनको बासस्थान ओडारमा थिएन । त्यो एउटा खुल्ला तर पहाडि खोंच जस्तो ठाउँ थियो । माहुतेहरू पहिले आसामतिर आउँदा उनीहरूले त्यहाँ बनाएर

छोडेको झुप्रो नराम्रोसँग लडिसकेको थियो। त्यसैले त्यस झुप्रोलाई पुनः सुरु देखिनै बनाउनु पर्‍यो। त्यसो भएतापनि कसैले झुप्रो बनाउने, कसैले धुनी जगाउने, कसैले खाना पकाउने आदि काम पहिलो रात झैं सुनियोजित ढङ्गले गरेका हुनाले सबै काम अंध्यारो हुँदा नहुँदै गरिसकियो। त्यस दिन पालो बस्ने दुईजना बाहेक अन्य सबैजना झमक्क साँझ पर्ने बित्तिकै सुत्ने तरखरमा लागे। भाग्यवश त्यसदिन राती अघिल्लो रातमा झैं कुनै अप्रिय घटना नघटेका हुनाले सबैले राम्ररी निदाउन पाए। तेश्रो दिनको यात्रा पनि बिहान सबेरै जलपान गरिवरी प्रारम्भ गरियो। त्यो दिन यात्राको सुरुवात स-साना पर्वतहरू उक्लनु र ओर्लनुबाट भएकाले तुलनात्मक रूपमा सरल रह्‍यो। त्यसरी दुई घण्टा जति हिंडिसकेपछि ती स-साना डाँडाहरू चढ्ने र झर्ने झंझट पनि टुङ्गियो। अगाडिको बाटो एउटा बडायमानको पहाडको फेदको रूपमा रहेको अलि भिरालो जग्गामा तेर्सो-तेर्सो हिंडेर त्यो पहाडलाई घुमेर जानु थियो। त्यस पहाडको फेदमा अधिकांश मात्रामा स-साना बुटाबूटीहरू मात्र थिए, अग्ला रूखहरू फाटफुट कतै कतै देखिएता पनि घना थिएन। तर बूटाबूटीहरू साञ्है नै घना थिए। ती बूटाबूटीहरू भित्र छिड्न सक्ने सम्भावना नै थिएन। तर त्यहाँ ती माहुतेहरू तथा अन्य माहुतेहरूले पनि हुँदो होला, हात्ती चढेर आउने-जाने गरेका हुनाले हात्तीहरूद्वारा त्यहाँ भएका बूटाबूटीहरू कुल्चिएकाले एउटा बाटो बनिएको थियो। त्यसरी बाटो सरल र स्पष्ट भएका हुनाले यात्रुहरू त्यहाँको वातावरणको अनुभव गर्नसक्ने मानसिक अवस्थामा थिए।

त्यहाँको वातावरण अत्यन्त रमणीय थियो। आकाशमा बादल थिएन। सम्पूर्ण आकाशगंगा झीलको पानी झैं कञ्चन देखिएको थियो। पृथ्वी सतहमा हुस्सु थिएन। सम्पूर्ण मैदान छर्लङ्ग देखिएको थियो। बिहानको सुनौलो घाम बूटाबूटीहरूले तम्म ढाकेको मैदान भरि फैलिएको थियो। सम्पूर्ण मैदान एउटा चिया बगान जस्तो देखिएको थियो। साँच्चै भन्ने हो भने चिया बगान भन्दा पनि रहर लाग्दो देखिएको थियो। चिया बगानमा सम्पूर्ण मैदान एउटै रङ्गका चियाका बोटहरू मात्रले ढाकेको हुन्छ। तर त्यो मैदानमा अनेक प्रकारका बूटाबूटीहरू फैलिएको थियो। कतिपय बोटहरूमा रङ्ग बिरङ्गका फूलहरू पनि फुलिरहेका थिए। फुल नफुल्ने बोटहरूमा कतिपय पातहरू नै हेमन्त ऋतुको कारण रात-रातो रङ्गका भइरहेका थिए। दृश्य अति नै मनोरम थियो। त्यस्तो रमणीय स्थानमा विभिन्न किसिमका स-साना रङ्गीचङ्गी चराचुरूङ्गीहरू पनि बथानका बथान मिलेर यताबाट उताको रूखमा, त्यताबाट यताको झारमा भुरूक्क भुरूक्क उडेर खेल्दै-गाउँदै गरिहेका हुनाले सुनमाथि सुगन्ध भने झैं भइरहेको थियो। त्यस अनुपम प्राकृतिक सौन्दर्यले जीवनमा पहिलो पल्ट विशुद्ध प्राकृतिक वातावरणमा खुल्न पाएकी धम्मवतीलाई मात्र होइन, जीवनको अधिकांश समय प्रकृतिको काखमा बिताउँदै आएका ती माहुतेहरूको मनलाई पनि मोहित तुल्याएको थियो

दुई दिन दुई रातसम्म आपसमा बिरलै मात्र कुरा गरी, एउटा अनुशासित पल्टन झैं लाम लागेर यात्रा गर्दै आएका ती माहुतेहरू अहिले आपसमा दिल खोलेर बात मार्दै अघि बढिरहेका थिए। माहुतेको नाइके स्थविरसित बुद्ध-धर्मबारे छलफल गरेर बुद्ध-धर्म बारेमा उसको जिज्ञासा मेटाउने तरखरमा लागेको थियो भने अरू माहुतेहरू पनि दुई–तीन दुई–तीन जनाको समूहमा बाँडिएर आ-आफ्नै कुराहरू गर्दै गइरहेका थिए। यसरी त्यसबेलाको यात्रामा कोही केहि अगाडि र कोही अलि पछाडि परेका थिए। तर भाषाको समस्याको कारण बिचरी धम्मवतीसित कुरा गर्ने कोही पनि थिएन। अरूसित कुरा गर्न नपाएकी धम्मवती त्यस ठाउँमा बथान बथान मिलेर यताउति उड्दै-खेल्दै आ-आफ्नो सुरिलो स्वरमा कराइरहेका चरा-चुरूङ्गीहरूसित खेल्दै अघि बढिरहेकी थिई। धम्मवती दगुरेर चराहरूको बथान भएतिर जाँदा चराहरू भुरुरु उडेर नजिकैको अर्को रूखमा बसेर फेरि धम्मवतीतिरै हेरेर त्यारर-तुररर कराउने गर्दथे। बर्मा जाने अभिलाषाले घरबार त्यागेर शीलवती भएकी धम्मवतीमा त्यो दिन फेरि एकपल्ट वात्सल्य चञ्चलता उब्रेर आएको थियो। यसरी प्रफुल्लित भएर चराहरूसित खेल्दै अघि बढेकी धम्मवती उसले चालै नपाइकन अन्य सबै सहयात्रीहरू भन्दा केहि अगाडि बढ्न पुगेकी थिई। तर त्यस फराकिलो मैदानमा कोही अलि अगाडि र कोही केहि पछाडि परेतापनि एकले अर्कालाई टाढैबाट स्पष्ट देख्नसक्ने हुनाकासाथै त्यसबेला त्यस ठाउँमा कुनै प्रकारको भय नभएको हुनाले आफ्नो छलफलमा व्यस्त

रहेका स्थविर र माहुतेको नाइके, यी दुई मध्ये कसैले पनि धम्मवतीको त्यस खेलमा केही दखल पुऱ्याएको थिएन ।

यसरी चराहरूसित खेल्दै अघि अघि बढ्दै गइरहेकी धम्मवतीले अकस्मात आफूभन्दा दश हात जति अगाडि बाँयापट्टिको झालबाट एउटा पशु फुट्ट बाटोमा निस्केर अन्दाजि पाँच हात जति बाटै-बाटो लागेर फेरि बाटोको दायाँतिरको झालमा सुट्ट पसेको देखी । त्यो पशु अति बेगले हुत्तिएर आएर हुत्तिएर नै गएको थियो । त्यसैले मृग या स्याल जस्तो देखिने त्यो पशु वास्तवमा के थियो भन्ने कुरो धम्मवतीले थम्याउन भ्याएको थिएन । त्यो पशु जेसुकै भएपनि, त्यस निर्जन पहाडी जंगलमा आफू एक्लै अगाडि परेको बेलामा एउटा जंगली पशु त्यसरी बिजुली चम्के जसरी गरेर आफ्नो अगाडि परेको देखेपछि धम्मवतीको सम्पूर्ण चञ्चलता स्वतः बिलाएर आतङ्कित हुने स्वाभाविक नै थियो । यसरी नराम्रो सित तर्सेकी ऊ अगाडि बढ्न नसकेर जहाँ थिइ त्यहीं किंकर्तव्य विमुढ भएर उभिरही । अकस्मात आतङ्कित उसको दिमागले अझै के गर्ने निधो गर्न पाएको पनि थिएन त्यस्तैमा जहाँबाट त्यो जंगली पशु निस्केको थियो त्यहींबाट एउटा अजङ्गको कालो रंगको अजिङ्गर निस्केर त्यो पशुको पछि गएको देखियो । त्यस अजिङ्गरको मोटाइ धम्मवतीको जिउको मोटाइ भन्दा कम थिएन । त्यस अजिङ्गरको लम्बाइ पनि मोटाइ सुहाउँदो थियो । पहिले जाने पशुलाई एकै झलक मात्र देख्न पाएकिले राम्ररी थम्याउन नसकेकी भएपनि त्यस लामो लम्बाइको अजिङ्गरलाई भने धम्मवतीले राम्ररी नै नियाल्न पाएकी थिई । त्यसैले त्यस अजिङ्गरको मोटाइ, लम्बाइ र रंगको बारेमा धम्मवतीले राम्ररी नै अनुभव गर्न पाई । त्यसरी अनुभव गर्न पाएकी धम्मवतीको दिमागले के ठम्याई भने यदि त्यो पहिलेबाट निस्कने पशुलाई देखेर नअडेकी भए ऊ ठीक त्यो पशु र अजिङ्गरको बीचमा परेकी हुने थिई । तब त्यो पशुको पछि लागेको अजिङ्गरले धम्मवतीलाई नै निलेर आफ्नो भोक मिटाउने थिई । धम्मवतीको दिमागले यति ठम्याउन पुगेपछि उसको सम्पूर्ण शरिरको सन्तुलन अकस्मात खलबलियो । ऊ अर्धचेतावस्थामा पुगेर एकपल्ट बेसुरले चिच्याई । त्यसपछि उभिरहन नसकी थ्याच्च बसी ।

चराहरूसित खेल्दै अघिबढिरहेकी धम्मवती अकस्मात त्यसरी चिच्याएर कराई भुइँमा थ्याच्च बसेको देखेर माहुतेको नाइके 'के भयो ?', 'के भयो ?' भनेर कराउँदै धम्मवतीनेर दगुरेर आयो । त्यसरी दगुरेर आइपुगेको माहुतेको नाइकेले झालभित्र पशुको पछि पछि लागेका अजिङ्गरको पुच्छरको भाग राम्ररी नै देख्यो । माहुते त्यसरी आत्तिएर दगुरेपछि माहुतेको पछि पछि दगुरेर आउनु भएको स्थविर धम्मावुध त्यहाँ पुग्दा त्यो अजिङ्गर झालमा पसि सकेको भएतापनि जंगलको झारपातमा त्यो अजिङ्गर घस्रेको स्यालल-सिलल आवाज भने अझै निस्कँदै थियो ।

माहुतेको नाइके र स्थविरलाई देखेपछि धम्मवतीको होसहवास पुनः ठेगानामा आयो । उसले माहुतेको नाइके र स्थविर धम्मावुधलाई यथार्थ भएको घटनाबारे सुनाई । धम्मवतीबाट के भएको भन्ने कुरो थाहापाइसकेपछि स्थविर र माहुते दुबैले धम्मवतीलाई आइन्दा त्यसरी एक्लै अगाडि नहिंड्न सम्झाए ।

केहीबेरपछि पछाडि परेका अरू माहुतेहरू पनि सबै जना त्यहाँ आइपुगे । घटेको घटना सम्बन्धमा सबैकुरो थाहा गरिसकेपछि ठूलो भाग्यले मात्र अजिङ्गरको आहार हुनुबाट बचेकी धम्मवतीलाई सबै माहुतेहरूले अवाक्क परेर हेरिरहे । केहीबेर त्यसरी खलबलिएपछि त्यो यात्रुसमूह पुनः अघि बढ्न थाले । अबको पालो धम्मवती र धम्मावुधलाई समूहको बीचमा पारेर यात्रारम्भ गरियो । त्यसरी अनुशासित ढङ्गले यात्रा गर्न थालेको लामो समय नबित्दैमा दिउँसोको खाना पाकाएर खाने स्थान आइपुग्यो ।

*(क्रमशः अर्को अङ्कमा)*

## धर्मकीर्ति विहारमा बुद्ध पूजा र धर्मदेशना

| क्र. सं. | २०८० चैत्र | बुद्धपूजा गर्नुहुने गुरूमांहरू | धर्मदेशना गर्नुहुने गुरूमांहरू |
|---|---|---|---|
| १ | १ गते विहिवार, संक्रान्ति | इन्दावती | इन्दावती |
| २ | ४ गते आइतवार, अष्टमी | शुभवती | शुभवती |
| ३ | १२ गते सोमवार, फागु पूर्णिमा | पञ्ञावती | धम्मवती |
| ४ | २० गते मंगलवार, अष्टमी | दानवती | दानवती |
| ५ | २६ गते सोमवार, औंशी | अमता | अमता |

# धर्म शब्दको अर्थ: एक अध्ययन–२



✍ **कुसलञाणी गुरुमां**
*रत्न विपश्यना विहार*

अर्थात्– परियत्ति, प्रत्यय, गुण, निस्सत्त्व, स्वभाव, प्रज्ञा, पुण्य, प्रज्ञप्ति, आपत्ति, विकार, प्रत्ययुत्पन्न, सत्य, समाधि, प्रकृति, जान्नु पर्ने, न्याय, विषय र निर्वाणको आधारमा धर्म शब्द चलिरहन्छ ।

**२. धर्मको अर्थ व्याख्या :**

**क) शब्दकोष अनुसार :**

अंग्रेजीमा धर्मलाई Religion (रिलिजन) भनिन्छ । यो शब्द ल्याटिन भाषामा Religare बाट आएको हो जसको अर्थ 'बाँधिनु' हुन्छ । Re-Lig-ion: Re = again, tightly; lig = bound to; ion = good । ईश्वरमा बाँधिनु नै रिलिजनको अर्थ हुन आउँछ ।[५] अंग्रेजी शब्दकोश[६] अनुसार धर्म शब्दलाई नामपदको रूपमा हिन्दू परम्पराअनुसार ब्रह्माण्डलाई आज्ञा गर्ने सिद्धान्त; उक्त सिद्धान्त अनुसार व्यवहार गर्नु; समाजको स्तर अनुसार कर्तब्य र दायित्व हो । त्यस्तै बौद्ध परम्परामा धर्मलाई बुद्धको शिक्षा, आफ्नो व्यक्तिगत मार्ग बुद्धत्व प्राप्त गर्न; बुद्धले देशना गर्नु भएको शिक्षा अभ्यास गर्ने अर्थमा लिएका छन् ।

बृहत नेपाली शब्दकोषकाअनुसार धर्म शब्दलाई– व्यक्ति वा वस्तुमा सधैं रहिरहने गुण वा मूल वृत्ति; प्रकृति; स्वभाव । स्वाभाविक गुण; सहज वृत्ति । स्वर्ग प्राप्त गर्न सकिने लोकविश्वास भएको पुण्य कार्य; पुण्य कर्म । कुनै जाति, वर्ग, पद आदिका निम्ति निर्धारित कार्य वा व्यवहार; लोकको हित वा व्यवस्थाका लागि अँगालिने कर्म वा कर्तव्य । उदाहरण जस्तो- मानवधर्म, नारीधर्म, युगधर्म इत्यादि । असल आचरण; सदाचार; नियम । पुण्य; सत्कर्म । ईश्वर अथवा सद्‌गतिको प्राप्तिका लागि गरिने शास्त्रविहित कर्म । कुनै महापुरुषले चलाएको मत; सम्प्रदाय ।[७] अर्थहरूमा दर्शाएका छन् ।

पाली-नेपाली-नेपालभाषा शब्दकोषमा धर्म शब्दको अर्थ धर्म, सिद्धान्त, स्वभाव, सदाचार[८] भनी दिइराखेका छन् । पालि टेक्सट् सोसाइटीको Pali English Dictionary मा 'धम्म' शब्दलाई दुईलिङ्गिक (पुल्लिङ्ग वा कहिलेकाहीँ नपुंसकलिङ्गमा) र विशेषण अर्थमा दुई किसिमले अर्थ दिनु भएको छ । 'धम्म'को दुई लिङ्गिक अर्थमा उपदेश, पुण्य, अवस्था र घटना हुन्छ ।[९] त्यस्तै कथाको विशेषणको रूपमा नैतिक प्रश्नको कुराकानी, धम्मपदको बारेमा भन्नु, देशना, धार्मिक उपदेशको देशना हो[१०] र धर्म शब्द अरूसँग संयुक्त हुँदा अर्को दृढ धर्म[११] भन्ने अर्थ प्रकाश गर्दछ ।

**ख) धर्म शब्दको मूलस्वरूप :**

सद्दनीति धातुमालामा भूवादिगणमा 'धा' धातुबाट एउटा र 'धर' धातुको तीनवटा अर्थलाई व्याख्या गरिराखेको छ । **धा धारणे ।**[१२] 'धा' धातु धारण गर्नु अर्थमा । **धर धरणे । धरणंविज्जमानता । धरति । धरते सत्थुसासनं ।**[१३] अर्थात्– 'धर' धातु रहिरहेको अर्थमा । धरणंविद्यमान भएको । विद्यमान हुन्छ ।

*(क्रमशः अर्को अङ्कमा)*

४ पूर्वोक्त पादटिप्पणी नं १, पृ. ३३९ ।

५ महेन्द्र रत्न शाक्य, **"बुद्ध धर्ममा 'धर्म' को अर्थ"**, विश्व शान्ति, वर्ष ११, अंक ११, (मे २००१), पृ. १ ।

६ विक्सनरि ओराजि एप्लिकेशन ।

७ नेपाली शब्दकोश एप्लिकेशन ।

८ भिक्षु अमृतानन्द (सं.), **पाली–नेपाली–नेपालभाषा शब्दकोष**, लुम्बिनीः अन्तराष्ट्रिय बुद्धिष्ट सोसाइटी, २०५७, पृ.२०८ ।

९ T.W. Rhys Davids, PALI-ENGLISH DICTIONARY, Delhi : Motilal Banarsidass Publishers, 2007, p. 335-336.

१० ऐजन, पृ. ३३९ ।

११ ऐजन ।

१२ पूर्वोक्त पादटिप्पणी नं. १, पृ. १०६ ।

१३ ऐजन, पृ. १५३ ।

# दुर्लभ प्रव्रज्या जीवन छोटो अनुभव

✍ **सुभद्रा स्थापित, इन्द्रचोक**

भिक्षुणी धम्मवती गुरुमांको ९० औं जन्मोत्सवको उपलक्ष्यमा धर्मकीर्ति विहारबाट आयोजित छैठौं दुर्लभ प्रव्रज्या कार्यक्रममा मैले पनि भाग लिन पाएकी थिएँ । लुम्बिनीको गौतमी विहारमा आयोजित उक्त कार्यक्रम केशावती गुरुमांको संयोजकत्वमा संचालन भएको थियो भने उक्त कार्यक्रममा खमेशी गुरुमांले दुर्लभ प्रव्रजित गुरुमांहरूलाई आवश्यक प्रवन्ध मिलाइदिनु भएको थियो ।

यस शिविरमा मेरा दुई दिदीहरूले पनि भाग लिने मौका पाएको थियो । काठमाडौंबाट लुम्बिनी प्रस्थान गर्ने क्रममा हामी कलंकी चोकबाट बस चढी लुम्बिनी पुग्यौं । सर्वप्रथम हामी रामग्राममा केही छिन ध्यान र बुद्ध पूजा गर्‍यौं । सो पश्चात् हामी गौतमी विहार पुग्यौं ।

भोलिपल्ट हामी ९ जना कुलपुत्रीहरूलाई श्रद्धेय गुरुमांहरूले पालैपालो कपाल खौरिई ५ दिनसम्म अल्पकालिन प्रव्रज्या भेषमा दश शील पालन गरी जीवन बितायौं भने अन्य २१ जवान कुलपुत्रीहरूले ऋषिणी प्रव्रज्याको रूपमा ५ दिनसम्म पवित्र स्थानमा शीलपालन गरी पवित्र जीवन बिताउन पाइयो ।

यस शिविरमा श्रद्धेय केशावती गुरुमांले क्रमवद्ध तरिकाले तालिका बनाउनु भएनुसार सबैजना विहान ४ बजे उठेर नित्यकर्म सकिएपछि सबभन्दा पहिला ध्यानभावना, बुद्धपूजा, जलपान कार्यक्रम सम्पन्न गरिन्छ । त्यसपछि श्रद्धेय भन्ते गुरुमांहरू द्वारा धर्मदेशना गर्नुहुन्छ । सो पश्चात् पवित्र मायादेवी मन्दिर परिसरमा बुद्धपूजा र परित्राण पाठ गर्न पाउँदा हामी सबैले आफूलाई अति भाग्यमानी ठानेका छौं ।

त्यतिमात्र होइन यो समयावधिमा बेलाबखतमा महापरित्राण पाठ सुन्ने र धूतङ्गधारी भन्तेहरू दर्शन गर्ने मौका पनि पायौं । त्यसपछि लुम्बिनीमा देशविदेशबाट निर्मित विहारहरू भ्रमण गर्ने मौका पायौं । यस अवस्थामा हामीले जुन देशबाट बनाएको विहार भ्रमण गरिन्छ, सोही देशमा पुगेको जस्तो अनुभव गर्न पनि पायौं ।

कार्यक्रमको अन्तिम दिनमा यस पवित्र अल्पकालिन प्रव्रज्या जीवनको अनुभव बताउनु पायौं र अल्पकालिन प्रव्रज्या जीवन बिताई शिविरमा भाग लिएको प्रमाण स्वरुप प्रमाणपत्र पनि ग्रहण गर्न पायौं । संसारमा ५ वटा दुर्लभ जीवन मध्ये प्रव्रज्या भाव पनि दुर्लभ भएनुसार हामीले दुर्लभ जीवन बिताउन पाएकोमा हामी अति खुशी छौं ।

शिविर कार्यक्रमको अन्त्यमा सबैले पञ्चशील प्रार्थना गरी अष्टपरिष्कार दान गर्‍यौं र गृहस्थ वस्त्र लगायौं । यसको भोलिपल्ट लुम्बिनीबाट प्रस्थान गरी देवदह पुगी अन्तर्राष्ट्रिय भिक्षुणी संघबाट निर्मित यशोधरा विहार निरिक्षण गरी हामी सबै सकुशल काठमाडौंको घरमा पुग्यौं ।

अन्त्यमा हामीलाई लुम्बिनीमा पुगी दुर्लभ प्रव्रज्या जीवन बिताउन पाउने गरी प्रव्रन्ध मिलाई आवश्यक सहयोग गर्नुहुने सम्पूर्ण भन्ते गुरुमांहरू लगायत बस चालक दाई, जलपान भोजनको प्रव्रन्ध मिलाई सहयोग गर्नुहुने महानुभावहरू सबैलाई साधुवाद व्यक्त गरेका छौं । भवतु सब्ब मंगलम् । ■

**२५६८ औं बुद्ध पूर्णिमा धर्मकीर्तिको कामना** ... ...

नर्कतुल्य पारिदिन्छ यस्ता घटनाले । त्यति मात्र होइन, चरित्रहीन व्यक्तिको कारणले परिवार, समाज र देशमा थुप्रै आपराधिक कुकर्महरू भई अशान्ति मच्चाइदिने गर्छ । जुन कार्यले समाज र देशका लागि घातक सिद्ध हुन्छ ।

त्यसैले भगवान् बुद्धले यस्ता अखाद्य पदार्थहरू सेवन नगर्ने सल्लाह दिनुभएको छ ।

माथि उल्लेखित ५ वटा नियमहरू जसलाई पञ्चशील नामाकरण गरिएको छ, यसलाई इमान्दारीपूर्वक जसले पालन गर्छ, उसले निर्वाण (मुक्ति) प्राप्त गर्नको लागि पहिलो खुड्किलो चढेको हुनेछ । त्यसपछि मात्र बाँकी खड्किलाहरू समाधी र प्रज्ञा चढ्ने मौका प्राप्त हुनेछ ।

यसपालीको बुद्ध पूर्णिमा महोत्सव देखि यी ५ वटा नियम इमान्दारीपूर्वक पालन गरी आफूलाई निर्वाण प्राप्तिको लागि पहिलो खुड्किलो चढ्न सक्षम र भाग्यमानी बनाउन सकौं भन्ने धर्मकीर्तिको कामना रहेको छ ।

भवतु सब्ब मंगलम् ।

## धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन समूह गतिविधि

*१) ने.सं. ११४४ सिल्लागा चतुर्दशी,*
*२०८० फागुण २६ गते विहिवार*

यसदिन बुद्ध कोलोनी वाफल निवासी श्री सूर्यमान महर्जन र राममाया महर्जनको भीम रथारोहणको सुखद् उपलक्ष्यमा सञ्चालित एक कार्यक्रममा भिक्षु महासंघबाट पवित्र महापरित्राण पाठ सम्पन्न भएको थियो। उक्त कार्यक्रममा धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन समूहबाट भजन प्रस्तुत गरियो दाता परिवारलाई जप गर्ने चैत्य एउटा पनि उपहार स्वरूप समूहबाट प्रदान गरिएको थियो। यसको साथै दाता परिवारबाट भजन समूहलाई रु. ५,०००/– रकम प्रदान गरी पूण्य सञ्चय गर्नुभएको थियो।

*२) ने.सं. ११४४ चिल्लाथ्व, अष्टमी २०८० चैत्र ४ गते, धम्ममोलि विहार सामाखुशी।*

यसदिन धम्ममोलि विहार सामाखुशीको आयोजनामा संचालित एक कार्यक्रममा भिक्षु महासंघबाट दिनभर महापरित्राण पाठ भएको थियो। उक्त कार्यक्रममा धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन समूहबाट ज्ञानमाला भजन प्रस्तुत भएको थियो। भजन समूहले विहार प्रमुख धम्मविजया गुरुमांका सुस्वास्थ्य कामना गरी भजनको लोगो अंकित चैत्य उपहार प्रदान गरिएको थियो भने श्रद्धेय धम्म विजया गुरुमांले भजनलाई रु. २५०००/– रकम प्रदान गरी पुण्य संचय गर्नुभएको थियो।

### धर्मकीर्ति पत्रिका विशेष सदस्य

*क्र.सं. ९६२*

**सुमना गुरुमां**
निर्वाणमूर्ति, कम्डोल विहार
स्वयम्भू, काठमाडौं
रु. २,०००/–

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



*जन्म:*
*बि.सं. १९८८ कार्तिक २६ गते*

*दिवंगत:*
*बि.सं. २०७९ बैशाख १४ गते*

# इन्द्रमाया नकर्मी

*ढल्को, काठमाडौं*

धर्मकीर्ति पत्रिकाका विशेष सदस्य उपासिका **इन्द्रमाया नकर्मी** दिवंगत हुनुभएको करीब दुई वर्ष हुन लाग्यो। उपासिका इन्द्रमायाले आफू जीवित कालमा बुद्ध शिक्षानुसार जति पनि कुशल कार्य गरी पुण्य सञ्जय गर्नुभएको छ, उक्त पुण्य शक्तिले उहाँको परलोक जीवन सुगतिमय भई निर्वाण हेतु प्राप्त हुन सकोस् भन्ने कामनाका साथ पुण्यानुमोदन गर्दछौं।

भवतु सब्ब मंगलम्।

# धर्मकीर्ति पत्रिका परिवार

**धर्मकीर्ति विहार, श्रीघः नःघः, काठमाडौं**

*धम्मपद*



# क्रोध वर्ग

*भावानुवाद :* **सत्यमोहन जोशी**

क्रोध घमण्ड तोता छ्वः बन्धनं पार ज्वीगु सो
'नामरूपे' अनासक्त अफ्त सदैव ज्वीगु सो
परिग्रह हनं तोता अरागीम्हतु ज्वीगु सो
थथे जूपिं मन्यात दुःखं फैमखु थीगु सो ॥१॥
वहे खः सारथी धैम्ह वोगु तँ रथथें ज्वना
भिंगु मार्गे सुनां यंकी मेपिं खालि खिपः भ्ववा ॥२॥
अक्रोधं क्रोध त्याकेमा ; मभिंगु भिंगुलिं हनं
दानं त्याकेगु कंजूसी, सत्यं असत्य धैगुनं ॥३॥
खँ ल्हा सत्यगु, तँ तोती, दुगु छुं भति दान या
स्वंगू थ्व कार्य यापिन्सं थ्यंकी समीप देवया ॥४॥
गुम्ह मुनि जुया च्वोनी अहिंसक व संयमी
थ्यनी व भिंगुली स्थाने मजू गन नुगः मछिं ॥५॥
जागरुक सदा जूम्ह सय्का, काय्गुस व्यस्तम्ह
इच्छा याइम्ह निर्वाण व्यक्तिया नष्ट आश्रव ॥६॥
अतुल ! थ्व पुलां खँ खः थौं म्हिगयागु खँ मखु
'सुंक' च्वोंपिनिनं निन्दा जुया च्वनी हनं उगु
मात्राछि जक खँ ल्हाम्ह सियां निन्दा जुया च्वन
मदु निन्दां बचे ज्वीम्ह थ्व लोके व्यक्तिपिं थन ॥७॥
निन्दाजक सदां धद्धा प्रशंसाजकनं थन
जूम्ह व्यक्ति न दै च्वन, न दै तिनि, न दै वन ॥८॥
विज्ञजनं प्रशंसाजा न्हिन्हि विचार पूर्वक
स्वैत याई, ब मेधावी दोष मदुम्ह सार्थक
प्रज्ञाशील दया चोंम्ह जाम्वुनद समानम्ह
व्यक्तियात सुनां निन्दा याय् फै ? ज्वी बरु स्तुत्यम्ह ॥९.१०॥
चंचलतां बचे याना याय्मा संयम कायिक
निच चरित्र तोता वा सदाचरण कायिक ! ॥११॥
वाणी-चंचलतां रक्षा, वाणी संयम या हनं
वाक् दुश्चरित्र तोता छ्व, वाक् आचरणया थ्वनं ॥१२॥
मन चंचलतां रक्षा? मन संयम या हनं
तोती मनया कुचाल, सदाचरण या मनं ॥१३॥
सुसंयमी धका धाई धीरपिन्त सधाँ थन
सुया दै नित बाँलागु काय् वाक् चित्त धैगु संयम ! ॥१४॥




पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु
पुण्य (कुशल कर्म) गर्दै जानु ।
आफ्नो चित्त (मन) लाई शुद्ध गर्नु ॥
यही नै बुद्धको उपदेश हो ।

VISHWA MOTOR TRADERS

# बिश्व मोटर ट्रेडर्स

अनूर सुन्दर तुलाधर
सलिल सुन्दर तुलाधर
काठमाडौं, नेपाल ।
मोवाइल: ९८५१०५११३१, ९८५१०५११४७
e-mail: vishwamotor@gmail.com

टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि गाडिका पार्टस्‌हरूको साथै व्याट्रि र इन्भर्टरको लागि सम्पर्क गर्नुहोस् ।

## सत्कर्म याना

✍ प्रदीप शाक्य 'घोषक'

सत्कर्म यानाः भ्रीसं सत्य धर्म काय्नु
त्रिरत्नया गुण न्हिथं स्मरण याय्नु ॥धु॥
वसपोलयागु शिक्षा, चतुरार्य सत्योपदेश
न्हिया न्हिथं थुकीयात लुमंकाः भ्री च्वनेनु ॥१॥
अनित्य दुःख अनात्म, त्रिलक्षण स्वभाव धर्म
अमूल्य अमृतोपदेश, ज्ञान भ्रीसं काय्नु ॥२॥
दान, शील, भावना, कुशलादि कर्म दक्को
थुलि पुण्य धर्मयानाः, अमृतपद लायेनु ॥३॥



## ममतामयी मांया लुमन्ति



✍ ऐश्वर्य लक्ष्मी ताम्राकार
*ठँहिटी*

यो मां ! यो मां ! धकाः सःतेगु भाग्य मन्त जितः
मांनथें दुग्योगु, सक्कलि माया याईम्ह मेपिं मदु जितः
मैत्री, करुणा, मुदिता व उपेक्षा गुणं जाःम्ह जिमि मां
वर्णन याय् हे फइमखुगु निश्छल गुण दुम्ह जिमिमां
मां थें तःधंम्ह सु दुसा थुगु जगतय्
भगवान् बुद्ध छम्ह हे जक दु थुगु जगतय्
मचातय् उपरे उपकार याय्त थाकु मचाःम्ह
फुक्कं दुःख थम्हं क्वबियाः थः मचातय्त रक्षा याइम्ह
परलोक वंम्ह जिमि मांया पलाः सुगती लाय्मा
सुगतिगामी जुयाच्वच्वं हे निर्वाणया हेतु चूलाय्मा

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



*बुन्हि :*
*बि.सं. १९९२ मंसिर चौथी*

*मदुगु न्हि :*
*बि.सं. २०८० फागुण २६ गते, शनिवाः*

# मदुम्ह धनदेवी स्थापित

*न्हू बहाः थाय्मदु, यैँ*

लक्ष्मी नानी ङ्यत भोजन पुचःया दुजः **धनदेवी स्थापित** ८८ दँया वैंशय् दिवंगत जुयादिल । दुःख जाःगु थुगु इलय् वयकःया परिवार दुजःपिसं भगवान् बुद्धं कनाबिज्याःगु त्रिलक्षण स्वभाव ज्ञान (अनित्य दुःख व अनात्म) यात थ्वीकाः मन ची फय्मा धकाः आशिका याना । अथेहे मदुम्ह उपासिका धनदेवीया परलोक जीवन सुगतिमय जुसे निर्वाणया हेतु नं चूलाय्मा धकाः पुण्यानुमोदन याना । भवतु सब्ब मंगलम् ।

## लक्ष्मी नानी ङ्यत भोजन पुचः

**धर्मकीर्ति विहार, श्रीघः नःघः, यैँ**

# दिनभर महापरित्राण पाठ

*२०८१ बैशाख ३ गते, सोमवार*
*स्थान- धम्महल, धर्मकीर्ति विहार ।*

यसदिन उपासक शिशिल चित्रकार सपरिवारबाट उहाँहरूका माता सूर्यमाया चित्रकारको दोस्रो पुण्य तिथिको उपलक्ष्यमा र पिता भक्तलाल चित्रकार सहित अन्य पितृजनहरू (श्री विन्दुलाल/चिनीमाया चित्रकार, हिरादेवी चित्रकार, अमर/चन्द्र चित्रकार, केशव/प्रेमकुमारी र प्रमोद आदि) को पुण्य स्मृतिमा प्रव्रजित गुरुमांहरूबाट दिनभर महापरित्राण पाठ सम्पन्न गरिएको थियो । कार्यक्रममा पूज्य धम्मवती गुरुमां र वीर्यवती गुरुमांले धर्मदेशना गर्नुभएको थियो ।

आमन्त्रित गुरुमांहरू लगायत अन्य उपासक उपासिकाहरूलाई जलपान र भोजनको प्रायोजन गरी कार्यक्रम आयोजक दाता परिवारबाट यथाश्रद्धा दान प्रदान गरिए पश्चात् कार्यक्रमको अन्त्यमा सम्पूर्ण पितृजनहरूको पुण्य स्मृतिमा सुगति सहित निर्वाण हेतु कामना गरी पुण्यानुमोदन गरियो ।

**महापरित्राण पाठ कार्यक्रम तालिका**

| क्र. सं. | पाठ | पाठ गर्नुहुने गुरुमांहरू |
|---|---|---|
| १ | सामूहिक पाठ | सबै गुरुमांहरू |
| २ | सरणागमन - मेत्तसुत्त | जवनवती, क्षान्तिवती |
| ३ | खन्ध सुत्त - धजग्ग सुत्त | सुनन्दावती, अम्बिका |
| ४ | महाकस्सपत्थेर बोज्झङ्ग सुत्त, महा चुन्दत्थेर सुत्त | श्रद्धावती, इन्दावती |
| ५ | गिरिमानन्द सुत्त - इसिगिलि सुत्त | कुसुम, प्रीतिवती |
| ६ | धम्मचक्कप्पवत्तन सुत्त | मां विचारी, मां थेरी, मां नन्दावती, मां ऐलासी |
